गण्डकी प्रदेश सरकार

# सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

पोखरा, नेपाल

चलानी नं. ५४

पत्र संख्या:०८२/०८३

प्रथम पटक प्रकाशित मिति २०८२ साउन १९ गते

**विषयः शिक्षण शुल्क छात्रवृत्तिका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना ।**

काठमाण्डौ विश्वविद्यालय रजिष्ट्रारको कार्यालयको प.सं ३०/१४६४/२०८१-०८२ को प्राप्त पत्रानुसार उक्त विश्वविद्यालयमा स्नातक तहमा शिक्षण शुल्क छात्रवृत्तिका लागि तोकिएका विषयहरू: BE in Mining Engineering, BE in Chemical Engineering, BE in Environmental Engineering, Bachelor of Health informatics, BSc in Environmental Science, BSc in Agriculture अन्तर्गत प्रत्येक विषयमा १/१ जनाको नाम सिफारिस गरी पठाइदिन भनि पत्र प्राप्त भएकाले यस प्रदेशमा स्थायी ठेगाना भएका, चालु शैक्षिक वर्ष २०८२ मा कक्षा १२ को विज्ञान विषयको अध्ययन पुरा गरेका (परीक्षा दिएर नतिजाको पर्खाईमा रहेका) र निवेदन दिने मध्ये उत्कृष्ट नतिजा प्राप्त गरेका विद्यार्थीहरुमध्ये माथि उल्लेखित कुनै एक विषयमा अध्ययन गर्न इच्छुक काठमाण्डौ विश्वविद्यालयको नियमानुसार शिक्षण शुल्क बाहेक लाग्ने अन्य शुल्क व्यहोर्न सक्षम विद्यार्थीले देहायका कागजात सहित मिति २०८२ भाद्र २ गते कार्यालय समय भित्र निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ। साथै निवेदन सहितको संलग्न गर्नुपर्ने कागजातहरू स्क्यान गरी एउटै pdf file बनाई यस मन्त्रालयको E-mail:ministrysocialdevpkr@gmail.com वा thapadiamond99@gmail.com मा समेत पठाउन सकिने व्यहोरा अनुरोध छ।

संलग्न गर्नुपर्ने कागजातहरु:

क. यसै सूचनाका साथ संलग्न ढाँचामा सबै विवरण खुलेको स्पष्ट निवेदन

ख. कक्षा ८,१० र ११ उत्तीर्ण गरेको मार्कसिट/ग्रेडसिट र सर्टिफिकेट (यस सूचनाको म्यादभित्र कक्षा १२ को परीक्षाफल प्रकाशन भएमा कक्षा १२ को मार्कसिट/ग्रेडसिट समेत)

ग. नेपाली नागरिकताको प्रमाणपत्र

घ. अभिभावक (आमा/बाबु) को पेशा वा रोजगारीको अवस्था र अनुमानित वार्षिक आम्दानी खुल्ने सम्बन्धित वडाको सिफारिसपत्र

ङ. अभिभावक गरीव वा विपन्न नागरिक भएमा नेपाल सरकारबाट उपलब्ध भएको विपन्न नागरिक परिचयपत्र

नोट:

१. उल्लेखित कागजातहरू एउटै PDF file मा स्क्यान गरी एकपल्ट मात्र पठाउनुपर्ने छ, प्राप्त भएमा इमेल / फोन मार्फत जानकारी दिईनेछ।

२. छनौट भएका विद्यार्थीलाई छनौट भएको विषय अनुसार लाग्ने जम्मा शुल्क मध्ये शिक्षण शुल्कको रकम मात्र छुट हुने र विश्वविद्यालयको नियमानुसार थप शुल्क भर्ना, रजिस्ट्रेशन, विकास, अन्य शुल्क, सुरक्षा शुल्क, स्वास्थ्य बिमा शुल्क सम्बन्धित विद्यार्थीले व्यहोर्नु पर्ने छ।

Email: mosdgedu@gmail.com

०८२/४/१५

सचिव

# शिक्षण शुल्क छात्रवृत्तिका लागि दिईने निवेदनको ढाँचा

मितिः

श्रीमान सचिव ज्यू,
सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय,
गण्डकी प्रदेश, पोखरा

विषय : शिक्षण शुल्क छात्रवृत्तिको लागि सिफारिस गरिपाउँ।

प्रस्तुत विषयमा काठमाण्डौ विश्वविद्यालयमा Engineering/ Science विषयमा स्नातक तह शिक्षण शुल्क छात्रवृत्तिमा अध्ययन गर्नका लागि इच्छुक भएकोले तपसिलका विवरण सहित सिफारिसका लागि यो निवेदन पेश गर्दछु।

तपसिल

१. नाम थर .......................................... २. सम्पर्क नं............................इमेल आईडिः-............................
३. Name In BLOCK Letter:-.................................
४. एकीकृत सूचना प्रणालीमा विद्यार्थीको IEMIS No:.
५. स्थायी ठेगानाः- जिल्ला..................... स्थानीय तह........................................ वडा नं..........
६. अस्थायी ठेगानाः- जिल्ला.................. स्थानीय तह....................................... वडा नं.........

**बाबु /आमाको नामथरः-**

१. बाबुको पेशाः-.............
२. आमाको पेशाः-...........
३. परिवारको वार्षिक आम्दानी अनुमानितः- रु ..................
४. दलित/जनजाति/अन्य.......................................... लिङ्गः-........................
५. विपन्न नागरिक परिचयपत्र छ वा छैनः- ....    ६. नागरिकता नं :-
७. उत्तीर्ण गरेको कक्षा तहको GPA/CGPAर उत्तीर्ण गरेको वर्ष :

| | कक्षा ८ | कक्षा १० | कक्षा ११ | कक्षा १२ |
|---|---|---|---|---|
| GPA/CGPA | | | | |
| उत्तीर्ण गरेको साल | | | | |

आफुले अध्ययन गर्ने चाहेको वियकको प्राथमिकताको आधारमा राख्नेः-

| क्र.स. | विषय/कार्यक्रम | प्राथमिकता |
|---|---|---|
| १ | BE in Mining Engineering | |
| २. | BE in Chemical Engineering | |
| ३. | BE in Environmental Engineering | |
| ४. | Bachelor of Health informatics | |
| ५. | BSc in Environmental Science | |
| ६. | BSc in Agriculture | |

माथि उल्लेखित सबै विवरण मैले स्पष्टसंग भरेको छु। उक्त विवरण सत्य छन् । शिक्षण शुल्क छात्रवृतिमा अध्ययन गर्ने अवसर प्राप्त गरेमा विश्वविध्यालयको नियमानुसार अनुशासित भई अध्ययन कार्य पुरा गर्नेछु । अध्ययनको प्रगति विवरण समय समयमा यस मन्त्रालयमा पेश गर्ने मेरो मन्जुरी छ।

विद्यार्थीको औठाछाप

| दाँया | बाँया |
|---|---|
| | |

.................................
हस्ताक्षर